बरेङ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७५/७६ (लेखा)
च.नं.

मिति २०७५/०८/०७

**विषय :** प्रेस बिज्ञप्ति ।

बरेङ गाउँकार्यपालिकाको मिति २०७५/०८/०६ गतेका दिन नियमित बैठक बस्यो । वैठकले सामाजिक जनजीवन र सर्वसाधारण जनतासँग प्रत्यक्ष सरोकार राख्ने केही सामाजिक बिषयहरुमा छलफल गरी गरेका निर्णयहरु सार्वजनिक गर्न यो प्रेस बिज्ञप्ति जारी गरिएको छ ।

१.यस गाउँपालिका क्षेत्र भित्रका सरकारी कार्यालय, विद्यालय र सार्वजनिक स्थलमा मध्यपान धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवन नगर्न तथा विद्यालय परिसर भित्र बिद्यार्थीको मानसिक तथा शारिरीक स्वास्थ्यमा असर पुरचाउने जंकफुड जस्ता हानिकार बस्तु बिक्री वितरण नगर्न नगराउन सम्बन्धित सवैमा हार्दक अपील गर्दछ ।
२.गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका ब्यापारिक केन्द्र तथा पसल व्यवसायहरुमा म्याद सकिएका अस्वस्थकर खाद्य बस्तुहरु विक्री वितरण भएको पाईएकोले मानव स्वास्थ्यमा हानी पुरचाउने अखाद्य एवं अस्वस्थकर बस्तुहरु विक्री वितरण नगर्न सम्बन्धित पक्षलाई यसै बिज्ञप्ति मार्फत सचेत गराईएको छ ।
३.समाजमा जाड रक्सी तथा नशालु पदार्थको अधिक सेवन र जुवा तास जस्ता विकृति जन्य क्रियाकलाप बढ्दै गएको पाईएकोले त्यस्ता क्रियाकलापबाट व्यक्ति स्वयं, घर परिवार र समाजमा पर्ने असरलाई मध्य नजर गरी मदिरा जन्य पदार्थ सेवन तथा बिक्री वितरण नगर्न, जुवा तास नखेल्न, नखेलाउन सर्वसाधारण जनतामा हार्दिक अपील गर्दछ ।
४.गाउँपालिका क्षेत्र भित्र सञ्चालन भएका यातायात व्यवसायीहरुबाट लिने भाडा दर फरक फरक रहेको भन्ने जनगुनासो आएकाले यात्रीहरुले तिर्ने भाडा दरमा उचित समायोजन गरी एकरुपता कायम गर्न यातायात व्यवसायीहरुमा हार्दिक अपील गर्दछ ।

..................
कृष्ण प्रसाद शर्मा
अध्यक्ष